Reproductive Health Research *POLICY BRIEF*
*Number 8, April 2004*

# महिलाहरुको प्रजनन् अधिकारसम्बन्धमा पुरुषहरुको दृष्टिकोण

# Male Perception on Safe Abortion and Women's Reproductive Rights

## पृष्ठभूमि

दम्पत्तीहरुले प्रजनन् स्वास्थ्य सम्बन्धमा एक अर्काको भूमिका र जिम्मेवारी निर्वाह गर्नुपर्ने अवस्थामा परम्परागत सोचाईले धेरै प्रभाव पारिरहेको हुन्छ । जस्तै:आफ्नै परिवार भित्रका सबै उमेर तथा शैक्षिक स्तरका सदस्यहरुको सोचाई श्रीमान्ले नै श्रीमतीलाई मार्गदर्शन गर्नुपर्दछ भन्ने रहेको छ (Karra et al 1997)।

पितृसत्तात्मक समाजमा पारिवारीक निर्णय गर्ने अधिकार प्राय: पुरुषहरुमै निहित हुन्छ । प्रजनन् तथा मातृस्वास्थ्य अन्तर्गतका कुराहरुमा पुरुषहरुको सहभागितालाई सुनिश्चित गर्न सक्यौं भने घर परिवार र समाजमा पुरुष र महिलालाई असल सहकर्मीको रुपमा स्थापित गर्न सकिन्छ ( M. Carter )।

महिलाको प्रजनन् स्वास्थ्यमा पुरुषको सहभागिताले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । त्यसैले महिलाको प्रजनन् स्वास्थ्यसम्बन्धी हरेक निर्णयमा पुरुषको सहयोग हुन आवश्यक हुन्छ ।


मुलुकी ऐनको एघारौं संशोधनले गर्भपतनसम्बन्धी निर्णय गर्ने सम्पूर्ण अधिकार महिलालाई दिएको छ। सोही अनुसारको वर्तमान कानूनी व्यवस्थामा गर्भपतन गर्न सम्बन्धित महिलाको मन्जुरी अनिवार्य चाहिन्छ । तर हाम्रो सामाजिक परिधिभित्र यो कुरालाई कसरी लिइएको छ ? के पुरुषहरुले यो कुरालाई सकारात्मक रुपमा लिएका छन् त ? यी प्रश्नहरु हामी सबैको मन भित्र आउन सक्छ। यिनै कौतुहलताहरु समाधान गर्नका लागि कृपाले सन् २००३ जुलाईमा नेपालको पहाड र तराईका ११ वटा साना तथा मझौला शहरहरुमा बस्ने ६०० विवाहित पुरुषहरु बीच एक सर्वेक्षण गरेको थियो। उक्त सर्वेक्षणमा गर्भपतनसम्बन्धी कानुनी व्यवस्था, आफ्नो गर्भसम्बन्धी निर्णय गर्ने अधिकार महिला स्वयंलाई दिएको सम्बन्धमा पुरुषहरुको धारणा, सुरक्षित गर्भपतन र कानुनी मान्यताबारे जानकारीको स्रोत लगायतका विषयहरुमा प्रश्नहरु सोधिएका थिए। उनीहरुले गर्भपतन र त्यसम्बन्धी विद्यमान कानुनका सम्बन्धमा व्यक्त गरेको धारणालाई यहाँ संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ ।

## शहरमा बस्ने पुरुषहरुमा पनि गर्भपतनसम्बन्धी कानुनबारे जानकारीको अभाव

सर्वेक्षण गरिएका विवाहित पुरुषहरुमध्ये एक-तिहाई भन्दा पनि कम (२९%) लाई मात्र गर्भपतनसम्बन्धी कानुनको बारेमा जानकारी भएको पाइयो । झण्डै आधाजसो (४९%) ले गर्भपतन अझै गैर कानुनी छ भन्ठानेका रहेछन् भने २२% ले यसबारे थाहा नै छैन भनेका छन् (चार्ट नं. १) ।

**चार्ट १: नेपालमा गर्भपतनले कानुनी मान्यता पाएको छ की छैन ?**

(विवाहित पुरुष ६००)




*कानुन अनुसार कुन-कुन अवस्थामा गर्भपतन गर्न पाईन्छ* भनि सोधिएको प्रश्नमा सही उत्तर दिने पुरुषहरुमा आधाभन्दा बढी (५२%) ले महिलाको मन्जुरी भएमा १२ हप्तासम्मको गर्भ, २३% ले जबर जस्ती करणी वा हाडनाता करणीबाट रहन गएको १८ हप्तासम्मको गर्भ र २५% ले आमा र बच्चाको स्वास्थ्य खतरामा पर्ने भएमा जुनसुकै अवधिको गर्भ गर्भपतन गर्न पाईन्छ भनि बताएका थिए (तालिका १) । तर, कानुन अनुसार गर्भपतन गर्न पाईने तीनवटै अवस्थाहरुको बारेमा बताउने विवाहित पुरुषहरु ३% मात्र थिए ।

**तालिका १: कस्तो अवस्थामा एउटी महिलाले कानुनी रुपमा गर्भपतन गर्न पाउँछिन् ? (सही उत्तर मात्र)**

| गर्भपतन गर्न पाईने अवस्थाहरु (विवाहित पुरुष १७५) | % |
|---|---|
| १२ हप्तासम्मको गर्भ | ५२.० |
| जवरजस्ती करणी वा हाडनाता करणीको अवस्थामा १८ हप्तासम्मको गर्भ | २२.९ |
| आमा र बच्चाको स्वास्थ्य खतरामा पर्ने भएमा जुनसुकै अवधिको गर्भ | २५.१ |


## गर्भपतनसम्बन्धी निर्णय

गर्भपतनसम्बन्धी निर्णयको सम्बन्धमा पनि पुरुषहरुलाई प्रश्न गरिएको थियो । प्रश्नमा *महिलाको मन्जुरी भएमा मात्र गर्भपतन गर्न पाईन्छ, यस्तो व्यवस्था तपाईलाई ठीक, बेठीक कस्तो लाग्छ?* भनि सोधिएको थियो ? झण्डै तीन चौथाई (७१%) पुरुषहरुले गर्भपतनसम्बन्धी निर्णय गर्ने अधिकार महिलालाई दिएको कुराप्रति सकारात्मक धारणा रहेको बताएका थिए (**चार्ट २**) ।

**Center for Research on Environment Health and Population Activities (CREHPA)**
Ekantakuna, Jawalakhel, P.O. Box 9626, Kathmandu, Nepal, Phone: 977-1-5530344, Fax: 977-1-5530341
Email: crehpa@crehpa.wlink.com.np

**चार्ट २ : नयाँ कानुन अनुसार गर्भपतन गर्ने अधिकार महिलालाई दिएको छ, जसले गर्दा महिलाको मञ्जुरी भएमा मात्र गर्भपतन गर्न पाईन्छ, यस्तो व्यवस्था तपाईलाई ठीक, बेठीक कस्तो लाग्छ ?**

**(विवाहित पुरुष ६००)**




त्यस्तै अर्को प्रश्न सोधिएको थियो-*तपाई अनिच्छित गर्भ तुहाउन इच्छुक हुनुहुन्छ तर तपाईको श्रीमतीले उक्त गर्भ तुहाउन चाहिनन् भने तपाई के गर्नु हुन्छ ?* जसमा ७९% पुरुषहरुले श्रीमतीको विचारमा नै सहमति जनाउने भनि बताएका थिए ।


## सुरक्षित गर्भपतन सेवाको उपलब्धता

तराईका शहरहरुमा बस्ने ५६% पुरुषहरुले आफ्नो शहरमा सुरक्षित गर्भपतन सेवा पाइने कुरा बताएका थिए । यसको तुलनामा पहाडी शहरमा बस्ने २४% पुरुषहरुको मात्र आफ्नो शहरमा सुरक्षित गर्भपतन सेवा पाईन्छ भन्ने धारणा रहेको थियो ।

त्यस्तैगरी,आफ्नो परिवार, छिमेकी वा साथी, कसैलाई सुरक्षित गर्भपतन सेवा लिनु परेमा उत्तरदाताहरु मध्ये ४२% ले सरकारी अस्पताल, ४४% ले प्राईभेट क्लिनिक र २३% ले नसिङ्ग होम उपयुक्त हुने धारणा व्यक्त गरेका थिए (चार्ट नं.३) ।

**चार्ट ३ : तपाई आफ्नो साथी/छिमेकीलाई सुरक्षित गर्भपतन सेवा लिनको लागि कहाँ जान सल्लाह दिनु हुन्छ ?**

(विवाहित पुरुष ५०७)




## सुरक्षित गर्भपतनसम्बन्धी ज्ञान

सर्वेक्षणमा *सुरक्षित गर्भपतन भनेको के हो* भन्ने सम्बन्धमा उत्तरदाताहरुको विभिन्न प्रकारका विचारहरु रहेको पाइयो । ४०% पुरुषहरुले डाक्टरद्वारा गरिएको गर्भपतन सुरक्षित हुन्छ भन्ने विश्वास लिएका छन् भने २०% ले अस्पतालमा गरिएको गर्भपतन सुरक्षित हुन्छ भन्ने धारणा व्यक्त गरेकाछन् । १९% ले मात्र सुरक्षित गर्भपतन सम्बन्धी तालिम प्राप्त तथा दक्ष डाक्टरद्वारा गरिएको गर्भपतन सुरक्षित हुने कुरा बताएका थिए । १६% लाई भने यसवारे ज्ञान नै नभएको पाइयो (तालिका नं.२) ।

**तालिका २ : सुरक्षित गर्भपतन भन्नाले तपाई के बुझ्नु हुन्छ ?**

| **सुरक्षित गर्भपतन भन्नाले** (संख्या ६००) | % |
|---|---|
| डाक्टरद्वारा गरिएको गर्भपतन | ३९.५ |
| अस्पतालमा गरिएको गर्भपतन | १९.८ |
| महिलाको ज्यान जोखिममा नपर्ने गरि गरिएको गर्भपतन | १९.७ |
| सुरक्षित गर्भपतनसम्बन्धी तालिम प्राप्त तथा दक्ष डाक्टरद्वारा गरिएको गर्भपतन | १८.७ |
| अनुभवी डाक्टरद्वारा गरिएको गर्भपतन | १०.० |
| तालिम प्राप्त नर्श/अ.न.मि. द्वारा गरिएको गर्भपतन | ५.८ |
| स्त्रीरोग विशेषज्ञद्वारा गरिएको गर्भपतन | ५.३ |
| अन्य | १३.७ |
| थाहा छैन | १५.५ |

### निष्कर्ष

गर्भपतनसम्बन्धी कानुनी मान्यताबारे धेरैलाई जानकारी नभए पनि गर्भपतनसम्बन्धी नयाँ कानुनी व्यवस्था आफ्नो गर्भसम्बन्धी निर्णय गर्ने अधिकार महिला स्वयंलाई दिएको कुराको पुरुषहरुले पनि खुलेर समर्थन गरेको देखिन्छ । श्रीमानलाई अनिच्छित गर्भ तुहाउने इच्छा भए पनि श्रीमतीले तुहाउन चाहिनन् भने श्रीमतीकै इच्छालाई समर्थन गर्ने कुरालाई सकारात्मक रुपमा लिन सकिन्छ । धेरैजसो पुरुषहरुले सुरक्षित गर्भपतन सेवाका लागि सरकारी अस्पताल, प्राईभेट क्लिनिक तथा नर्सिङ्गहोमहरु नै उपयुक्त हुने कुरा बताएका थिए ।

कानुनले गर्भपतनसम्बन्धी सम्पूर्ण अधिकार महिलालाई दिएको कुराको सवै क्षेत्रबाट समर्थन हुनु सकारात्मक पक्ष हो । यो कानुनी व्यवस्थाले महिलाहरुलाई प्रजनन् अधिकार दिलाउनुका साथै मातृमृत्यु र मातृ अस्वस्थता रोकथाम गर्न महत्वपूर्ण भूमिका खेल्न सक्छ । पारिवारिक समझदारीका लागि कुनै पनि कुराको निर्णय लिनु अगाडि सरसल्लाह हुनु आवश्यक हुन्छ । त्यस्तैगरी, कुन परिवार नियोजनको साधन प्रयोग गर्ने, कति वटा बच्चा जन्माउने, कति समयको फरकमा जन्माउने भन्ने कुराको निर्णय श्रीमान श्रीमती दुबै मिलेर गर्नु राम्रो हुन्छ । श्रीमानलाई बच्चाको चाहना हुँदाहुँदै श्रीमतीले जबरजस्ती गर्भपतन गरेमा वा श्रीमतीको इच्छालाई श्रीमानले वास्ता नगरेमा पारिवारिक कलह हुने सम्भावना हुन्छ । एउटा घर परिवारलाई सँधै स्वास्थ्य, सुखी र खुशी राख्न पारिवारिक समझदारीले महत्वपूर्ण भूमिका खेल्दछ, त्यसैले श्रीमान श्रीमती बीच प्रत्यक्ष जानकारी हुने गर्भपतन जस्तो विषयको निर्णयमा पुग्दा एक आपसमा समझदारीपूर्ण सरसल्लाह र सहमति हुनुपर्दछ ।

### सर्वेक्षण विधि

यो अध्ययन कृपाद्वारा २०६० भदौमा तराई र पहाडका गरी ११ वटा साना शहरहरुका ६०० पुरुषहरु बीच गरिएको थियो । सर्वेक्षण पशुपतिनगर, फिक्कल, धनकुटा, लहान, जनकपुर, गौर, बाग्लुङ्ग, भैरहवा, तौलिहवा, महेन्द्रनगर र बाहुबीसेमा गरिएको थियो । यस अध्ययनमा पूर्व परीक्षण गरेर नेपालीमा तयार गरिएको प्रश्नावलीको प्रयोगद्वारा २० देखि ४९ वर्षका विवाहित पुरुषहरुसँग व्यक्तिगत अन्तरवार्ता लिईएको थियो । अध्ययन एवं सर्वेक्षणका लागि Purposive Sampling द्वारा शहरहरु छनौट गरिएको थियो । हरेक शहरमा Randomely दुईवटा वडाहरु छनौट गरिएको थियो । छानिएका वडाहरुमा घरपरिवार Listing गरेर Systematic Random Sampling द्वारा उत्तरदाता छनौट गरिएको थियो ।


*Referrences*

Karra M.V. Stark N.N. and Wolf J., 1997, "Male involvement in family planning : A case study spannining five generations of a South Indian Family", A study in Family Planning

Marion Carter, 2002, Husband and maternal health matters in rural Guatamala : Wives reports on their spouses involvement in pregnancy and birth, Department of Sociology Office of Population Research, Princeton university, USA